# भाग ३

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

**<u>प्रहरी (नवौं संशोधन) नियमावली, २०७८</u>**

प्रहरी नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रहरी (नवौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रहरी नियमावली, २०७१ को नियम ४ मा संशोधन** : प्रहरी नियमावली, २०७१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) राजपत्र अनङ्कित श्रेणीमा देहायका पदहरु रहने छन्ः-

| | |
|---|---|
| (क) प्रथम श्रेणी | -प्रहरी वरिष्ठ नायब निरीक्षक |
| | -प्रहरी नायब निरीक्षक |
| (ख) द्वितीय श्रेणी | -प्रहरी सहायक निरीक्षक |
| (ग) तृतीय श्रेणी | -प्रहरी वरिष्ठ हवल्दार |
| | -प्रहरी हवल्दार |
| | -प्रहरी सहायक हवल्दार |
| (घ) चतुर्थ श्रेणी | -प्रहरी जवान |
| (ङ) श्रेणी विहीन | -प्रहरी कार्यालय सहयोगी वा सो सरह" |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) यो उपनियम प्रारम्भ भएपछि पहिलो पटक प्रहरी वरिष्ठ नायब निरीक्षक, प्रहरी वरिष्ठ हवल्दार र प्रहरी सहायक हवल्दारको दरबन्दी कायम गर्दा यो उपनियम प्रारम्भ हुँदाका बखत कायम रहेको देहायको पदको दरबन्दीमा नबढ्ने गरी यस नियमको प्रक्रिया पूरा गरी देहायका पदको दरबन्दी कायम गरिनेछः-

(क) प्रहरी नायब निरीक्षक पदको दरबन्दीमा नबढ्ने गरी प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक पद,

(ख) प्रहरी हवल्दार पदको दरबन्दीमा नबढ्ने गरी प्रहरी वरिष्ठ हवल्दार र प्रहरी हवल्दार पद,

(ग) प्रहरी जवान पदको दरबन्दीमा नबढ्ने गरी प्रहरी सहायक हवल्दार र प्रहरी जवान पद।"

४. **मूल नियमावलीको नियम ९ मा संशोधन** : मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१), खण्ड (ग) पछि देहायको खण्ड (ग१) र खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

| | | |
|---|---|---|
| "(ख१) प्रहरी सहायक हवल्दार | - | १००% |
| (ग१) प्रहरी वरिष्ठ हवल्दार | - | १००% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ङ१) प्रहरी वरिष्ठ नायब निरीक्षक | - | १००%" |

(२) उपनियम (७) को खण्ड (घ) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्दहरु राखिएको छ।

५. **<u>मूल नियमावलीको नियम १८ मा संशोधन</u>** : मूल नियमावलीको नियम १८ को उपनियम (१) को,-

(१) खण्ड (घ) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (च) मा रहेका "प्रहरी हवल्दार र प्रहरी जवान पदमा" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार र प्रहरी जवान पदमा" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>मूल नियमावलीको नियम २६ मा संशोधन</u>** : मूल नियमावलीको नियम २६ को उपनियम (२) मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी सहायक हवल्दार, प्रहरी हवल्दार, प्रहरी वरिष्ठ हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>मूल नियमावलीको नियम २७ मा संशोधन</u>** : मूल नियमावलीको नियम २७ को उपनियम (१) को,-

(१) खण्ड (घ) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(च) प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी सहायक हवल्दार पदका लागिः-

(१) प्रहरी नायब उपरीक्षक -अध्यक्ष

(२) प्रहरी निरीक्षक -सदस्य

(३) प्रहरी वरिष्ठ नायब निरीक्षक वा प्रहरी नायब निरीक्षक -सदस्य-सचिव"

८. **<u>मूल नियमावलीको नियम २८ मा संशोधन</u>** : मूल नियमावलीको नियम २८ को,-

(१) उपनियम (१) को खण्ड (ख) मा रहेका "आठ वर्ष" भन्ने शब्दहरुको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका प्रहरी कर्मचारीको हकमा बढुवाको लागि उम्मेदवार हुन देहायको पदको सेवा अवधि गणना हुनेछः-

(क) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी नायब निरीक्षक पदमा बहाल रही प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा बढुवा भएका प्रहरी कर्मचारी प्रहरी निरीक्षक पदमा बढुवाको लागि उम्मेदवार हुन प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नायब निरीक्षक पदको सेवा अवधि,

(ख) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी हवल्दार पदमा बहाल रही प्रहरी वरिष्ठ हवल्दार पदमा बढुवा भएका प्रहरी कर्मचारी प्रहरी सहायक निरीक्षक पदमा बढुवाको लागि उम्मेदवार हुन प्रहरी वरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदको सेवा अवधि,

(ग) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी जवान पदमा बहाल रही प्रहरी सहायक हवल्दार पदमा बढुवा भएका प्रहरी कर्मचारी प्रहरी हवल्दार पदमा बढुवाको लागि उम्मेदवार हुन प्रहरी सहायक हवल्दार र प्रहरी जवान पदको सेवा अवधि।"

(३) उपनियम (३) को खण्ड (क) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३क) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी नायब निरीक्षक पदमा बहाल रही प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा बढुवा भएको प्रहरी कर्मचारीको हकमा उपनियम (३) को खण्ड (क) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाको लागि आवश्यक पर्ने सेवा अवधि गणना गर्दा प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक पदको सेवा अवधि गणना हुनेछ।"

९. **मूल नियमावलीको नियम ३० मा संशोधन** : मूल नियमावलीको नियम ३० को उपनियम (२) को,-

(१) खण्ड (ख) मा रहेका "२० अङ्क" भन्ने शब्दहरुको सट्टा "२२ अङ्क" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (छ) झिकिएको छ।

१०. **मूल नियमावलीको नियम ३१ मा संशोधन** : मूल नियमावलीको नियम ३१ को,-

(१) उपनियम (७) को,-

(क) सि.नं. ७ मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(ख) सि.नं. ९ मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी सहायक हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१०) मा रहेका "प्रहरी जवान र प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी जवान, प्रहरी सहायक हवल्दार, प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (११) मा रहेका "प्रहरी सहायक निरीक्षक र प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी सहायक निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

११. **मूल नियमावलीको नियम ३३ मा संशोधन** : मूल नियमावलीको नियम ३३ मा रहेका "बीस अङ्क" भन्ने शब्दहरुको सट्टा "बाइस अङ्क" भन्ने शब्दहरु राखी सोही नियमको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) देहायका प्रहरी कर्मचारीको हकमा बढुवाको लागि अङ्क गणना गर्दा देहायको पदको सेवा अवधि गणना गरी अङ्क दिइनेछः-

(१) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी नायब निरीक्षक पदमा बहाल रही यो उपनियम प्रारम्भ भएपछि प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा बढुवा भएका प्रहरी कर्मचारीलाई प्रहरी निरीक्षक पदमा बढुवा गर्दा प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नायब निरीक्षक पदको सेवा अवधि,

(२) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी हवल्दार पदमा बहाल रही यो उपनियम प्रारम्भ भएपछि प्रहरी वरिष्ठ हवल्दार पदमा बढुवा भएका प्रहरी कर्मचारीलाई प्रहरी सहायक निरीक्षक पदमा बढुवा गर्दा प्रहरी वरिष्ठ हवल्दार र प्रहरी हवल्दार पदको सेवा अवधि,

(३) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी जवान पदमा बहाल रही यो उपनियम प्रारम्भ भएपछि प्रहरी सहायक हवल्दार पदमा बढुवा भएका प्रहरी कर्मचारीलाई प्रहरी हवल्दार पदमा बढुवा गर्दा प्रहरी सहायक हवल्दार र प्रहरी जवान पदको सेवा अवधि।"

१२. <u>मूल नियमावलीको नियम ३५ मा संशोधन</u> : मूल नियमावलीको नियम ३५ को,-

(१) उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छः-

"(८) प्रहरी सहायक हवल्दार पदमा बढुवा गर्दा प्रहरी जवान पदमा गरेको तालीम, प्रहरी हवल्दार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदमा बढुवा गर्दा प्रहरी सहायक हवल्दार र प्रहरी जवान पदमा गरेको तालीम र प्रहरी वरिष्ठ हवल्दार पदमा बढुवा गर्दा प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार र प्रहरी जवान पदमा गरेको तालीमको अङ्क गणना गरिनेछ।"

(२) उपनियम (८) पछि देहायको उपनियम (८क) थपिएको छः-

"(८क) प्रहरी सहायक निरीक्षक पदमा बढुवा गर्दा प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी सहायक हवल्दार पदमा गरेको तालीमको अङ्क गणना गरिनेछ।"

(३) उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छः-

"(९) प्रहरी नायब निरीक्षक पदमा बढुवा गर्दा प्रहरी सहायक निरीक्षक पदमा गरेको तालीम र प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा बढुवा गर्दा प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा गरेको तालीमको अङ्क गणना गरिनेछ।"

(४) उपनियम (९) पछि देहायको उपनियम (९क) थपिएको छः-

"(९क) प्रहरी निरीक्षक पदमा बढुवा गर्दा प्रहरी वरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा गरेको तालीमको अङ्क गणना गरिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **मूल नियमावलीको नियम ३६ मा संशोधन** : मूल नियमावलीको नियम ३६ को उपनियम (३) को,-

(१) खण्ड (ख) मा रहेका "प्रहरी नायब निरीक्षकले" भन्ने शब्दहरुको सट्टा "प्रहरी नायब निरीक्षक र प्रहरी वरिष्ठ नायब निरीक्षकले" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ग) मा रहेका "प्रहरी जवान र प्रहरी हवल्दारले" भन्ने शब्दहरुको सट्टा "प्रहरी जवान, प्रहरी सहायक हवल्दार, प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दारले" भन्ने शब्दहरु राखिएका छन्।

१४. **मूल नियमावलीमा नियम ४०क. थप** : मूल नियमावलीको नियम ४० पछि देहायको नियम ४०क. थपिएको छः-

"४०क. श्रेणी विहीन पदको स्तर सम्बन्धी व्यवस्था : (१) नेपाल प्रहरीको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछः-

(क) प्रथमस्तर,
(ख) द्वितीयस्तर,
(ग) तृतीयस्तर,
(घ) चतुर्थस्तर,
(ङ) पञ्चमस्तर।

(२) श्रेणी विहीन पदमा सुरु नियुक्ति हुने प्रहरी कर्मचारीको प्रथम स्तर कायम हुनेछ।

(३) श्रेणी विहीन कर्मचारीको देहाय बमोजिम स्तर वृद्धि हुनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पाँच वर्ष वा सो भन्दा बढी तर दश वर्ष भन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सो भन्दा बढी तर पन्ध्र वर्ष भन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सो भन्दा बढी तर बीस वर्ष भन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सो भन्दा बढी सेवा अवधि भएकोलाई पञ्चमस्तर।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा स्तर वृद्धि गरिने छैनः-

(क) तलब वृद्धि रोक्का भएको अवधिभर,

(ख) तलब वृद्धि घटुवा भएको वा सुरु स्केलमा घटुवा भएको वा नसिहत पाएकोमा सो मितिले एक वर्षसम्म।

(५) उपनियम (३) को स्तर बमोजिमको तलबमान नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(६) नेपाल प्रहरीको श्रेणी विहीन कर्मचारीको स्तर वृद्धि गर्दा उपनियम (३) बमोजिमको सेवा अवधि पूरा भएको भोलिपल्टदेखि लागू हुने गरी गरिनेछ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत श्रेणी विहीन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदमा उपनियम (३) को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको सेवा अवधि पूरा भएका प्रहरी कर्मचारीको हकमा यो नियम प्रारम्भ भएको मितिबाट लागू हुने गरी स्तर वृद्धि गरिनेछ।

(८) उपनियम (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो अवधिमा उपनियम (४) बमोजिमको सजाय भएकोमा सोको समयावधि समाप्त भएको भोलिपल्टदेखि लागू हुने गरी स्तर वृद्धि गर्नु पर्नेछ।"

१५. <u>**मूल नियमावलीको नियम ४६ मा संशोधन**</u> : मूल नियमावलीको नियम ४६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) यस नियम बमोजिम कायम मुकायम मुकरर गर्दा प्राविधिक प्रहरी समूह तर्फ सम्बन्धित उपसमूहको एक तह मुनिको सबैभन्दा वरिष्ठतम प्रहरी कर्मचारीलाई र जनपद प्रहरी समूह तर्फ एक तह मुनिको सबै भन्दा वरिष्ठतम प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।"

१६. <u>**मूल नियमावलीको नियम ४७ मा संशोधन**</u> : मूल नियमावलीको नियम ४७ को उपनियम (२) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

१७. <u>**मूल नियमावलीको नियम ४८ मा संशोधन**</u> : मूल नियमावलीको नियम ४८ को खण्ड (घ) मा रहेका "प्रहरी नायब निरीक्षकलाई" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निरीक्षक र प्रहरी नायब निरीक्षकलाई" भन्ने शब्दहरु राखिएका छन्।

१८. **मूल नियमावलीको नियम ४९ मा संशोधन** : मूल नियमावलीको नियम ४९ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) सामान्यतया प्रहरी वरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक, प्रहरी सहायक निरीक्षक, प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार र प्रहरी जवानलाई आफ्नो घर पायक पर्ने प्रदेशभित्र सरुवा गर्न प्राथमिकता दिइनेछ।"

१९. **मूल नियमावलीको नियम ११९ मा संशोधन** : मूल नियमावलीको नियम ११९ को उपनियम (१) को,-

(१) क्रमसङ्ख्या (१) को प्रहरी कार्यालय सहयोगी पदको सजाय दिने अधिकारी अन्तर्गत रहेका "प्रहरी सहायक निरीक्षक वा प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी सहायक निरीक्षक, प्रहरी नायब निरीक्षक वा प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(२) क्रमसङ्ख्या (२) को प्रहरी जवान पदको सजाय दिने अधिकारी अन्तर्गत रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी नायब निरीक्षक, प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(३) क्रमसङ्ख्या (३) मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी सहायक हवल्दार, प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार" भन्ने शब्दहरु राखी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोही पदको सजाय दिने अधिकारी अन्तर्गत रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी नायब निरीक्षक, प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(४) क्रमसङ्ख्या (४) को प्रहरी सहायक निरीक्षक पदको सजाय दिने अधिकारी अन्तर्गत रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी नायब निरीक्षक, प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन् ।

(५) क्रमसङ्ख्या (५) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा " प्रहरी नायब निरीक्षक प्रहरी वरिष्ठ नायब निरीक्षक " भन्ने शब्दहरु राखिएका छन्।

२०. **मूल नियमावलीको नियम १२७ मा संशोधन** : मूल नियमावलीको नियम १२७ को उपनियम (१) को खण्ड (क) को,-

(१) उपखण्ड (६) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक वा प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपखण्ड (८) मा रहेका "प्रहरी हवल्दार र प्रहरी जवान" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार वा प्रहरी जवान" भन्ने शब्दहरु राखिएका छन्।

२१. **मूल नियमावलीको नियम १२९ मा संशोधन** : मूल नियमावलीको नियम १२९ को,-

(१) उपनियम (१) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खण्ड (घ) मा रहेका "प्रहरी नायब निरीक्षकको" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षकको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "बाह्र वर्ष" भन्ने शब्दहरुको सट्टा "आठ वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (२) बमोजिम पदोन्नति गरी अवकाश दिँदा देहायको प्रहरी कर्मचारीको हकमा देहायको पदको अवधि गणना गरी देहायको पदमा पदोन्नति गरिनेछः-

(क) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी नायब निरीक्षक पदमा बहाल रही यो नियमावली प्रारम्भ भएपछि प्रहरी वरिष्ठ नायब निरीक्षक पदमा बढुवा हुने प्रहरी कर्मचारीको हकमा प्रहरी नायब निरीक्षकको पदको अवधि समेत गणना गरी प्रहरी निरीक्षक पदमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी नायब निरीक्षक पदमा बहाल रही सोही पदमा कार्यरत रहेका प्रहरी कर्मचारीको हकमा सो पदको अवधिको आधारमा प्रहरी निरीक्षक पदमा,

(ग) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी हवल्दार पदमा बहाल रही यो नियमावली प्रारम्भ भएपछि प्रहरी वरिष्ठ हवल्दार पदमा बढुवा भएका प्रहरी कर्मचारीको हकमा प्रहरी हवल्दार पदको अवधि समेत गणना गरी प्रहरी सहायक निरीक्षक पदमा,

(घ) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी हवल्दार पदमा बहाल रही सोही पदमा कार्यरत प्रहरी कर्मचारीको हकमा सो पदको अवधिको आधारमा प्रहरी सहायक निरीक्षक पदमा,

(ङ) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी जवान पदमा बहाल रही यो नियमावली प्रारम्भ भएपछि प्रहरी सहायक हवल्दार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदमा बढुवा भएका प्रहरी कर्मचारीको हकमा प्रहरी जवान पदको अवधि समेत गणना गरी प्रहरी हवल्दार पदमा,

(च) यो उपनियम प्रारम्भ हुँदाका बखत प्रहरी जवान पदमा बहाल रही सोही पदमा कार्यरत रहेका प्रहरी कर्मचारीको हकमा सो पदको अवधिको आधारमा प्रहरी हवल्दार पदमा।"

२२. **<u>मूल नियमावलीको नियम १३१ मा संशोधन</u>** : मूल नियमावलीको नियम १३१ को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको,-

(क) खण्ड (ख) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ग) मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) को खण्ड (ख) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (३) मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

२३. <u>मूल नियमावलीको नियम १३६ मा संशोधन</u> : मूल नियमावलीको नियम १३६ को,-

(१) उपनियम (२) को,-

(क) खण्ड (ङ) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक वा प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (छ) मा रहेका "प्रहरी हवल्दार/प्रहरी जवान/प्रहरी कार्यालय सहयोगी" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार, प्रहरी जवान वा प्रहरी कार्यालय सहयोगी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) नेपाल सरकारले अमर प्रहरी वा कर्तव्य पालनाको सिलसिलामा असक्त भएका प्रहरी कर्मचारीका सन्ततिलाई नेपालको सरकारी विश्वविद्यालयमा नेपाल सरकारले निर्धारण गरे बमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्न सक्नेछ।"

२४. <u>मूल नियमावलीको नियम १३८ मा संशोधन</u> : मूल नियमावलीको नियम १३८ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) को खण्ड (ग) मा रहेका "चिकित्सक" भन्ने शब्दको सट्टा "सम्बन्धित विषयको चिकित्सक" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) बमोजिमको समितिमा सम्बन्धित विषयको विज्ञ चिकित्सकलाई आमन्त्रण गर्न सकिनेछ।"

२५. <u>**मूल नियमावलीको नियम १४६ मा संशोधन**</u> : मूल नियमावलीको नियम १४६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) माथिल्लो तलबको कुनै पदमा बढुवा पाउने प्रहरी कर्मचारीले बढुवा भएको पदको सुरु तलब पाउनेछ।

तर निजले हाल पाइरहेको तलब माथिल्लो तलबको न्यूनतम तलब बराबर वा सो भन्दा बढी भएमा माथिल्लो तलबमा निजको तलब निर्धारण गर्दा देहाय बमोजिम निर्धारण गरिनेछः-

(क) निजले हाल पाइरहेको तलब माथिल्लो तलबको सुरु तलब बराबर मात्र भएमा सो तलबमा माथिल्लो पदको एक तलब वृद्धि थप गरेर,

(ख) साविक पदमा पाइरहेको तलब बढुवा भएको पदको सुरु तलब भन्दा बढी भएमा माथिल्लो पदको तलब निर्धारण गर्दा हाल पाइआएको तलब नपुग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्मको तलब वृद्धि थप गरी माथिल्लो पदको एक तलब वृद्धि समेत थप गरेर।"

२६. <u>मूल नियमावलीको नियम २०५ मा संशोधन</u> : मूल नियमावलीको नियम २०५ को उपनियम (१) मा रहेका "प्रहरी सहायक निरीक्षक र प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी सहायक निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

२७. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u> : मूल नियमावलीको,-

(१) अनुसूची-२ को क्रमसङ्ख्या १ को,-

(क) खण्ड (व), (श), (क्ष) र (त्र) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक/प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ज्ञख) मा रहेका "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ज्ञग) मा रहेका "प्रहरी नायब निरीक्षक/प्रहरी सहायक निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूची-७ को भाग-३ मा रहेका "प्रहरी हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

(३) अनुसूची-१० को,-

(क) खण्ड (ख) को उपखण्ड (१) मा रहेका "प्रहरी जवान र हवल्दार" भन्ने शब्दहरुको सट्टा "प्रहरी जवान, प्रहरी सहायक हवल्दार, प्रहरी हवल्दार र प्रहरी वरिष्ठ हवल्दार" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपखण्ड (२) मा रहेका "प्रहरी सहायक निरीक्षक र प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रहरी सहायक निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी वरिष्ठ नायब निरीक्षक" भन्ने शब्दहरु राखिएका छन्।

(४) अनुसूची-१४ को ठाउँ ठाउँमा रहेका "गा.वि.स." भन्ने शब्दहरुको सट्टा "गा.पा./न.पा." भन्ने शब्दहरु र "अध्यक्ष" भन्ने शब्दको सट्टा "अध्यक्ष/प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।

(५) अनुसूची-१५ को ठाउँ ठाउँमा रहेका "गा.वि.स." भन्ने शब्दहरुको सट्टा "गा.पा./न.पा." भन्ने शब्दहरु र "अध्यक्ष" भन्ने शब्दको सट्टा "अध्यक्ष/प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) अनुसूची-१९ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रहरी उपचारिका (नर्स) हरुलाई अनुसूची-१६ र अनुसूची-१७ मा उल्लेख भए बमोजिमको पोसाक दिइनेछ।"

(७) अनुसूची-२२ मा रहेका राजपत्र अनङ्कित श्रेणीको पद र दर्ज्यानी चिन्हको सट्टा देहायका पद र दर्ज्यानी चिन्ह राखिएका छन्ः-

| दर्ज्यानी चिन्ह | पद | राजपत्र अनङ्कित श्रेणी |
|---|---|---|
|  | प्रहरी वरिष्ठ नायब निरीक्षक | प्रथम श्रेणी |
|  | प्रहरी नायब निरीक्षक | |
|  | प्रहरी सहायकनिरीक्षक | द्वितीय श्रेणी |
|  | प्रहरी वरिष्ठ हवल्दार | तृतीय श्रेणी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
|  | प्रहरी हवल्दार | |
|  | प्रहरी सहायक हवल्दार | |
|  | प्रहरी जवान | चतुर्थ श्रेणी |

२८. **<u>खारेजी</u>** : मूल नियमावलीको नियम ३७ खारेज गरिएको छ।

**आज्ञाले,**

**टेकनारायण पाण्डे**

**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, माघ १० गते, २०७८ साल (संख्या ४०


## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

नेपाल सरकार, गृह मन्त्रालयले प्रहरी नियमावली, २०७१ को नियम २११ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. अनुसूची- १६ को,-

(क) सि.नं. ९ मा रहेका "पि.टी. जुत्ता" भन्ने शब्दहरुको सट्टा "स्पोर्टस जुत्ता" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) सि.नं. १६ मा रहेका "उनी कम्वल" भन्ने शब्दहरुको सट्टा "मिन्क कम्बल" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अनुसूची- २० को,-

(क) सि.नं. ४ मा रहेका "पिटी जुत्ता" भन्ने शब्दहरुको सट्टा "स्पोर्टस जुत्ता" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) सि.नं. ९ मा रहेका "उनी कम्वल" भन्ने शब्दहरुको सट्टा "मिन्क कम्बल" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**

**टेक नारायण पाण्डे**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।